राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस विज्ञप्ति

२०७५ मंसिर १४

## शान्ति सुरक्षा कायम गर !

## घटनामा संलग्न दोषीलाई कानूनी दायरामा ल्याऊ !

काठमाण्डौंको गोँगबुबाट मिति २०७५ मंसिर ११ गते बेलुका अपहरणमा परी हत्या गरिएका आठ वर्षीय बालक प्रयास कुंवरको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्याल नेतृत्वको उच्चस्तरीय टोलीले घटनाको अनुगमन गरेको छ । टोलीले परिवारका आफन्त, स्थानीय समाजसेवीहरुसँग जानकारी लिएको छ । साथै, घटनास्थल, त्रि.वि. शिक्षण अस्पताल फरेन्सिक विभाग महाराजगञ्जमा पुगी घटनाको अनुगमन गरेको छ ।

देशको राजधानीजस्तो संवेदनशील स्थानबाट बालक अपहरणमा परी हत्या गरिनुले राज्यको शान्ति सुरक्षामा गम्भीर प्रश्न खडा हुनुका साथै सम्पूर्ण नागरिकमा भय र त्रासको वातावरण सिर्जना भएको देखिन्छ । विगत् केही समय यता देशमा बढ्दो अपहरण, हत्या जस्ता आपराधिक घटनाले प्रश्रय पाउँदा व्यक्तिको स्वतन्त्र रुपबाट बाँच्न पाउने अधिकारको उल्लंघन भएको देखिन्छ ।

यस प्रकारका घटनाबाट बालबालिकामा गम्भीर मनोवैज्ञानिक असर पर्न सक्ने भएकोले यसतर्फ आयोग सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउँदछ । भविष्यमा यस प्रकारका घटना दोहोरिन नदिन एवं बालबालिकाको सुरक्षामा संवेदनशील बन्न आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ । साथै, घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई अविलम्ब कानूनी दायरामा ल्याउन र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org